प्रस्ताव नं १
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४७ औ कार्यपालिका बैठक(२०८२/१०/१८)**
**विषय:** निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्बन्धमा।

प्यूठान नगरपालिका
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/१०/१४**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद खनालको सरुवा भएको कारण कार्यालयको दैनिक सेवा प्रवाहमा सहजताका लागि निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद खनालज्यूको मिति २०८२/१०/१३ गते देखि लागु हुने गरी लोक सेवा आयोगको निर्णय अनुसार सहसचिव (रा.प. प्रथम) पदमा बढुवा भएको र मिति २०८२/११/१४ गते रमाना लिईसकेको अवस्थामा नगरपालिकाको दैनिक प्रशासनिक कार्यसञ्चालन तथा योजनाहरुको सम्झौता प्रकृयामा प्रभाव पर्ने भएकोले नगरपालिकामा रहेका कर्मचारीहरुमध्येबाट ज्येष्ठ कर्मचारीहलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्नका लागि कार्यपालिकामा छलफल हुनुपर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** नगरपालिकामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा खटाईनु भएका प्रमुख प्रशासकीय अधिकृतको सहसचिव पदमा वढुवा भएकोले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त हुन गएको र मिति २०८२/११/२१ मा हुने निर्वाचनको आचाहसंहिता समेत लागु भइसकेकोले तत्काल नयाँ प्रमुख प्रशासकीय अधिकृत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट खटिई आउने अवस्था नरहेको भन्ने बुझिएकोले नगरपालिकाका ज्येष्ठतम कर्मचारीलाई निमित्त तोकी नगरपालिकाको दैनिक कामकाज र योजना सञ्चालन तथा कार्यान्वयनका लागि सम्झौता कार्य अगाडी वढाउनका लागि कार्यपालिकाबाट निर्णय हुनुपर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत आर्थिक विकास शाखामा शाखा प्रमुखको रुपमा कार्यरत प्रशासकीय अधिकृत(सातौं) श्री चन्द्र बहादुर जि.सी.लाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नयाँ रा.प. द्वितिय (उपसचिव)तहको प्रमूख प्रशासकीय अधिकृत नखटाउदा सम्मको लागि प्रचलित ऐन नियम अनुसार नगरपालिकाको दैनिक प्रशासनिक कार्यसञ्चालन र योजना सम्झौताको कार्य गर्नका लागी निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गर्ने निर्णय हुनुपर्ने।

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

अनुसुची -२
प्रस्ताव नं.२
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**१४७ औ कार्यपालिका बैठक(२०८२/१०/१८)**

**विषय:** नगर शिक्षा योजना २०८२/०८३-२०९१/०९२ स्वीकृत सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/१०/१४**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको शिक्षा क्षेत्रमा योजनागत विकासका लागि निर्मित नगर शिक्षा योजना २०८२/०८३-२०९१/०९२ स्विकृत सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्था र १० वर्षमा प्यूठान नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेख्य सुधारका लागि बिभिन्न सूचकहरु सहितको लक्ष्य र सो लक्ष्य प्राप्तिका लागि नगरपालिकाद्वारा अपनाईने रणनितिक योजनाहरुको समष्टिगत प्रतिवेदनको रुपमा रहेको नगर शिक्षा योजना २०८२/०८३-२०९१/०९२ बारे कार्यपालिकामा व्यापक छलफल हुनुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** २०८१/०४/११ गते प्यूठान नगरपालिका नगर शिक्षा समितिको बैठकद्वारा गठित कार्यदलले नगरपालिका भित्रका शैक्षिक संस्थाहरुको हालको शैक्षिक अवस्थाको आधारभूत सूचकहरुको शुक्ष्म र गहन अध्ययन गरी नगरपालिकाले आगामी १० वर्षमा शिक्षा क्षेत्रमा परिमाणात्मक रुपमा मापन हुने गरी उल्लेख्य सुधार गर्नका लागि आवश्यक रणनीति, कार्यनीति, योजनाहरु विकसित गरी नगरपालिकाको शिक्षा क्षेत्रलाई अब्बल स्तरमा पुऱ्याउनका लागि "गुणस्तरीय शिक्षा आदर्श बालबालिका, समृद्ध समुन्नत प्यूठान नगरपालिका" को उद्देश्य सहित निर्माण गरी नगर शिक्षा समितिद्वारा २०८१/१२/३१ गते पारित भएको रणनीतिमा आवश्यक छलफल तथा सुधार गरी तयार भएको अन्तिम प्रतिवेदन कार्यपालिका मार्फत स्वीकृत गरी यसै आर्थिक वर्ष(२०८२/०८३)देखी लागु गर्नुपर्ने भएकोले ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** नगर शिक्षा योजना २०८२/०८३-२०९१/०९२ यसै आर्थिक वर्ष(२०८२/०८३)देखी लागु हुने गरी स्वीकृत गर्ने ।

***५. कार्यपालिकाको निर्णय:***

"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

अनुसुची -२

प्रस्ताव नं.३

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

प्यूठान जिल्ला, लुम्विनी प्रदेश

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**७७ औ कार्यपालिका बैठक(२०८२/१०/१८)**

विषय :कार्यविधि स्विकृत सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/१०/१४**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको कार्यसञ्चालनका लागि निर्मित कार्यविधि स्विकृत सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** स्थानीय सरकार सञ्चालन ऐन – २०७४ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था रहेकोले प्यूठान नगरपालिकाले शिक्षा युवा तथा खेलकुदा शाखाले प्यूठान नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षक व्यवस्थापनका लागि निर्माण गरेको कार्यविधि नगरकर्यपालिकामा छलफल गरी पारित गर्नुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु लामो विदामा रहेको वा विशेष कारण शिक्षक नियुक्ति गर्न नसकिएको समयमा हुने शैक्षिक क्षती पुर्ती गर्नका लागि सट्टा शिक्षकको प्रवन्ध गर्न आवश्यक रहेकोले शिक्षा युवा तथा खेलकुद शाखाले निर्माण गरी विधेयक समितिमा पेश गरेको "सट्टा शिक्षक व्यवस्थापन कार्यविधि – २०८२" विधेयक समितिको मिति २०८२/१०/१४ गते को बैठकबाट स्वीकृतिका लागि नगरकार्यपालिकामा पेश गर्ने निर्णय भएकोले कार्यपालिकामा विधेयक उपर छलफल गरी आवश्यक परिमार्जन सहित पारित गर्नुपर्ने भएकोले ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** मिति २०८२/१०/१४ गतेको प्यूठान नगरपालिका बिधेयक समितिको बैठकद्वारा कार्यपालिकामा सिफारिस भई आएको "*सट्टा शिक्षक व्यवस्थापन कार्यविधि – २०८२*" पारित गर्ने ।

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नि. प्रमुख प्रशासकीय अधिकृत

**नगर प्रमुख**

अनुसुची -२
प्रस्ताव नं.४
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान

**१४७ औ कार्यपालिका बैठक(२०८२/१०/१८)**
**विषय :**स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम विरतण सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/१०/१४**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको आ.व. २०८२/०८३ को संघीय शसर्त अनुदान अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम वितरण गर्नुपर्ने भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाको आ.व. २०८२/०८३ को संघीय शसर्त अनुदान अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम विरतण गरी कार्यान्वयन गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिका भित्र संचालन भईरहेका सामुदायिक विद्यालयहरुको भवन अपुग भएकोले र जिर्ण भएको कारणले भत्काई पुनःनिर्माण गरी पठानपाठनलाई सहज बनाउनुपर्ने भएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम तपशिल बमोजिम विरतण गर्ने।

**तपशिल:**

| क्र.स. | विद्यालयको नाम | वडा नं. | भवनको प्रकार | रकम रु. |
|---|---|---|---|---|
| १. | बालज्योती मा.बि. गेजबाङ | ८ | शौचालय सहितको चार कोठे भवन | ६० लाख |
| २ | सारदा मा.बि. सापडाँडा | ३ | शौचालय सहितको दुई कोठे भवन | ३० लाख |
| ३ | ज्ञान ज्योती आ.वि. पातलकटेरी | ५ | शौचालय सहितको दुई कोठे भवन | ३० लाख |

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नगर प्रमुख

अनुसुची -२

प्रस्ताव नं.५

बुदाँ नं. १२.१ संग सम्बन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१४७ औ कार्यपालिका बैठक(२०८२/१०/१८)**

**विषय :**घर अभिलेखीकरण सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/१०/१४**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका भित्र नक्सा पास नगरी निर्माण भएका घरहरुको अभिलेखीकरण खुल्ला गर्ने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** स्थानीय सरकार सञ्चालन ऐन – २०७४ अनुसार यस प्यूठान नगरपालिका अन्तर्गत बनेका भवनहरुको २०८२ असार मसान्त सम्म अभिलेखीकरण गर्ने सुचना प्रकासित भएकोमा यस आ.व. ०८२/८३ मा घर अभिलेखीकरण गर्न बाँकी रहेका भवनहरुका तत्काल अर्को व्यवस्था नभए सम्मकालागी घर अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिने गरी पुनः सूचना गर्ने निर्णय हुनु पर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** स्थानीय सरकार सञ्चालन ऐन – २०७४ अनुसार यस प्यूठान नगरपालिका अन्तर्गत बनेका भवनहरुको २०८२ असार मसान्त सम्म अभिलेखीकरण गर्ने सुचना प्रकासित भएकोमा यस आ.व. ०८२/८३ मा घर अभिलेखीकरण गर्ने बाँकी रहेका भवन तत्काल अर्को व्यवस्था नभए सम्मकालागी घर अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिने गरी पुनः सूचना गर्ने निर्णय गर्न मनासिव देखीएकोले कार्यपालिकामा छलफल गरी पारीत गर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** घर अभिलेखीकरण कार्य सुचारु गर्ने निर्णय कार्यपालिका बाट पारित गर्ने ।

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

अनुसुची -२

प्रस्ताव नं.७

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

**१४७ औ कार्यपालिका बैठक(२०८२/१०/१८)**

**विषय:** बोलपत्र आह्वान गर्दा ठेक्कामा घटेको रकम व्यवस्थापन सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/१०/१४**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश शर्शत र प्रदेश समपुरक योजना अन्तर्गत हस्तानतरित योजनाहरुको बोलपत्र आह्वान गर्दा घटेको रकमबाट सोही स्थानमा पुन बोलपत्र आह्वान गर्ने र नगरपालिकाबाट सम्पूर्ण वडाहरुमा सडक मर्मतका लागि बोलपत्र आह्वान गर्दा घटेको रकमबाट नयाँ योजना सञ्चालन गर्ने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** लुम्विनी प्रदेश, प्रदेश सरकारद्वारा आर्थिक वर्ष २०८२/०८३ मा समपुरक तथा शशर्त शिर्षकमा हस्तानतरित योजनाहरुको वोलपत्र आह्वान गर्दा परेका स्वीकृत बोलपत्रमा उल्लेख्य रकम घटाघट भएकोले बचत रकमबाट सोही योजनामा थप पूर्वाधार सुधार सम्बन्धी कामकाज गर्नका लागि रि टेन्डर गर्नुपर्ने भएको साथै नगरपालिकाका सम्पूर्ण वडाहरुबाट सडक मर्मतमा विनियोजित रकम कार्यान्वयन गर्दा वचत रकमबाट नयाँ योजना सञ्चालन गर्नुपर्ने भएको।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाद्वारा वोलपत्रद्वारा आह्वान गरिएका वोलपत्रमा घटेको रकम सोही योजनामा पुन रि टेन्डर गर्दा योजनागत लाभमा वृद्धि हुने र बिकास बजेटको सदुपयोग हुने र नगरपालिकाको आवश्यकता अनुसारको अत्यावश्यक पूर्वाधार मर्मत तथा सुधार कार्यमा स्रोत व्यवस्थापन हुने हुँदा कार्यपालिकामा छलफल गरी आवश्यक निर्णय हुनुपर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्रदेश समपुरक तथा शशर्त अनुदान अन्तर्गत आ.व. २०८२/०८३ मा स्वीकृत तपसिलका कार्यकर्महरुको बोलपत्र आह्वान गर्दा बचत रकमबाट रि-टेन्डर आह्वान गर्ने ।

क. प्रदेश समपुरक योजना तर्फ

- चेरनेटा सालघारी धाईचौर मो.बा. स्तरोन्नती वडा नं. १
- टिकुरी गुरुङगाँउ लम्छयाङ्ग झुलेनी मो बा स्तरोन्नती वडा नं. ६

ख. प्रदेश शशर्त अनुदान तर्फ

- प्यूठान जिल्ला प्यूठान न पा -१ खैरा सतमुनी सडक स्तरोन्नती
- प्यूठान जिल्ला प्यूठान न पा -१ क्वाडी लिंक रोड सडक स्तरोन्नती

प्रस्तुतकर्ता

नगर प्रमुख

ग. वडाहरुमा सडक मर्मतका लागि वोलपत्र आह्वान गर्दा वचेको रकमबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम सोझै खरिद प्रकृयाबाट संगम चोक देखी ट्रान्सफर्मर जोड्ने सडक स्तरोन्नती- प्यूठान न.पा -२ कार्यान्वयन गर्ने

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख